# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan



शिन-ओकुबोमा खुलेको नयाँ रेष्टुरेण्ट

Bamboo छैं

Taste of Himalaya

FOR PARTY BOOKING 080-5964-7468

✓ शान्त र पारिवारिक वातावरणमा स्वादिष्ट भोजनको आनन्द लिँदै, साथीभाइ, आफन्त र इष्टमित्रहरूसँग भेटघाट गर्नका लागि उत्कृष्ट स्थान चाहिएमा

✓ बिबाह, ब्रतबन्ध, जन्मदिन, एनिभर्सरी, पास्नी जस्ता विशेष अवसरहरूमा उत्कृष्ट सेवा सहित पार्टी गर्न सकिने

✓ १ सय ५० सिट क्षमता, स्टेज र साउण्ड सिस्टम सहित नियमित लाइभ म्युजिकको भरपूर मजा लिन सकिने

✓ तपाईंको विशेष दिनलाई अझ अविस्मरणीय बनाउन सदा सेवामा समर्पित

More Information

Tokyo-To, Shinjuku-Ku, Hyakunincho 1-10-17 (Ichibangai Building 2F)

सम्पर्क नं.:- 03-5989-1708



वर्ष १८, अंक ८, २०८२ वैशाख १-१५

Vol. 18, No. 7, April 16-30, 2025


# रोजगारीका लागि जापानमा सम्झनैपर्ने कम्पनी के-लाइन



❑ नेस डेस्क

टोकियो - वैदेशिक रोजगारीका लागि संसारका विभिन्न देशमा जाने क्रममा जापानमा पनि नेपालीहरू आउने क्रम दिनप्रतिदिन बढ्दै गएको छ । जापान आउने नेपालीहरूको संख्यामा आएको बृद्धिसंगै यहाँ नेपालीहरूले झेल्नुपर्ने समस्याहरू पनि क्रमशः बढ्दै गएको पाईन्छ । नेपालीहरूले झेल्नुपर्ने समस्याहरूलाई हेर्दा बिशेषगरी भाषा र रोजगारी मुख्यरूपमा देखिन्छन् । नेपालीहरूका लागि रोजगारी र भाषाको समस्यालाई ध्यानमा राख्दै आफ्नो सेवा सञ्चालन गर्दै आएको एउटा प्रतिष्ठित जापानी कम्पनीको नाम हो- के-लाइन । के-लाइन आफ्नो स्थापना कालदेखिनै जापानमा बस्ने बिदेशीहरूलाई रोजगारी उपलब्ध गराउँदै आएको कम्पनी हो । सुरूका दिनहरूमा यसले जापानमा रहेका ब्राजिलियनहरूलाई रोजगारी उपलब्ध गराउँदै आएको थियो भने पछिल्ला दिनहरूमा नेपालीहरूका लागि काम र भाषाको समस्यालाई मध्यनजर राख्दै रोजगारीको सेवा उपलब्ध गराउँदै आएको छ । हाल ४ सय जनाभन्दा बढी नेपालीहरूलाई जापानको विभिन्न सहरमा काम उपलब्ध

>>> बाँकी पृष्ठ ८ मा

# देशका लागि योगदान गर्दा दण्डित भएँ

❑ नेस डेस्क

काठमाडौं - नेपाल विद्युत् प्राधिकरणका पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङलाई कार्यकाल सकिन चार महिना बाँकी छँदै हटाइयो । उनलाई पदच्युत गरेपछि देशव्यापी आक्रोश उब्जेको छ । संसददेखि सडकसम्म उनको समर्थनमा आवाज उठिरहेका छन् । कुलमानले पनि सर्वोच्च अदालतको ढोका ढक्ढक्याए, तर अदालतबाट अनुकूल आदेश नआएपछि पत्रकार सम्मेलनमार्फत केही समय लिएर आगामी निर्णय लिने बताएका उनी अहिले विभिन्न क्षेत्र र तहका व्यक्तिहरूसँग संवादमा छन् । कुलमान अब कसरी अगाडि बढ्लान् ? यो आम जिज्ञासा हो । यसै जिज्ञासाको सेरोफेरोमा रहेर नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः-

**तपाईको कार्यकाल सकिनुभन्दा चार महिना अगाडि हटाउने निर्णय किन भयो होला ?**

यो त सरकारलाई नै थाहा हुने कुरा भयो, म केही भन्न चाहन्न । म उत्तेजित वा हतोत्साहित भएको छैन । किनकि एक इमानदार राष्ट्रसेवकका रूपमा मैले आफ्नो कार्यकाल समीक्षा गर्दा पछुतो गर्नुपर्ने कुनै काम गरेको छैन, अवसर र अधिकारलाई सदुपयोग गर्ने एक क्षण पनि खेर फालेको छैन ।

**यति लामो समय देशका लागि योगदान दिनुभयो, अहिले आएर अप्रिय रुपमा बहिर्गमन हुनुपर्दा कतिको दुःख लागेको छ ?**

मैले आफ्नो जीवनको उर्बर ३० वर्ष विद्युत



कुलमान घिसिङ
पूर्व कार्यकारी निर्देशक,
नेपाल विद्युत् प्राधिकरण

प्राधिकरणमार्फत देश र जनताका निम्ति खर्चिएँ । विभिन्न जिम्मेवारीमा रहेर आफ्नो बलबुताले भ्याएसम्म देश हितका लागि योगदान गरेँ । यो योगदानलाई राज्यले पुरस्कृत गर्नुपर्नेमा दण्डित गर्ने अवस्था भयो । यसमा के भनौं । सरकारलाई धन्यवाद छ ।

**हिजोआज के गर्दै हुनुहुन्छ ?**

सिधा भन्ने हो भने अहिले केही पनि गरेको छैन । म ५४, ५५ वर्षको भएँ । यो उमेर सक्रिय रहने, अझै केही योगदान दिने उमेर हो । म त्यसै चुप लागेर बस्न सक्दिनँ । देश, समाज र जनताको भलो हुनेगरी के गर्न सक्छु ? कस्तो बाटो रोज्दा सकारात्मक प्रभाव पार्न

>>> बाँकी पृष्ठ ७ मा


No.1 TRAVEL We go the extra mile for you

हवाई टिकटका लागि स्वर्णिम अवसर

WINTER & SPRING SPECIAL OFFER

विशेष छुटसहित भरपर्दो हवाईयात्राका लागि सँधै नम्बर वन ट्राभललाई सम्झनुहोला

अन्यत्र भन्दा सुपथ मूल्यमा हवाई टिकटको ग्यारेन्टी

Nepal Airlines · Biman Bangladesh Airlines · KOREAN AIR · CATHAY · malaysia airlines · THAI · AIR INDIA

Sujan: 080-4142-4740 (SB, Viber)
Indra : 080-4142-4741 (SB, Viber)
Kamata Office: 03-6424-5031
/no1travelshibuya

"नम्बर वन ट्राभल"
Kanawa Bld. 2F, 7-52-6 Nishikamata, Ota-ku, Tokyo 144-0051

जापानमा रेस्टुरेन्ट खरिद-बिक्री गर्ने नम्बर वन फुदोसान

चिन्ता नगर्नुहोस्!

के तपाईं आफ्नो रेस्टुरेन्ट बेच्ने सोचमा हुनुहुन्छ?

जापानका निम्न शहरहरूमा:
टोकियो | कानागावा | चिबा | साईतामा
ओसाका | नागोया | फुकुओका

यदि तपाईं आफ्नो रेस्टुरेन्ट बेच्ने योजनामा हुनुहुन्छ भने, हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईंको रेस्टुरेन्ट उचित मूल्यमा खरीद गर्नेछौं ।

साथै विक्रीमा रहेको रेस्टुरेन्टको बारेमा जानकारी गराउनु भएमा उचित कमिशन दिइने छ ।

हामी रेस्टुरेन्ट किन्ने र बेच्ने गर्छौं
WE BUY AND SELL RESTAURANT
REAL STYLE 株式会社 REAL STYLE

Contact:
Puja : 070-2639-5628
Dipen : 070-2332-6833
For Japanese:090-3632-6833
〒169-0073 Tokyo,
Shinjuku-Ku, Hyakunincho 2-4-5 (804)

ठाउँ एक सुबिधा अनेक

ई-पासपोर्ट प्रोसेसिङ · भिसा सपोर्ट (एड्ज्युकेन, जापानी पासपोर्ट) · भिजिट भिसा सपोर्ट · डकुमेन्ट ट्रान्सलेशन (नेपाली, जापानी, अङ्ग्रेजी, हिन्दी) · व्यवसायिक विज्ञापन · प्रकाशन (पुस्तक, पत्रपत्रिका, म्यागजिन, दस्तावेज) · डिजाइन तथा प्रिन्ट (मेन्यु, चिरासी, साईनबोर्ड, भिजिटिङ कार्ड) · कम्पनी दर्ता 'Business Visa' · तोकुतेइ गिनोउ (SSW) · वेबसाइट तथा एप डेभलपमेन्ट · परामर्श (भिसा, बिजनेश, बैंक कर्जा, शैक्षिक) · फोटो/भिडियोग्राफी

विगत दुई दशकदेखि सेवामा समर्पित छौं, अवश्य सम्झनुहोला ।

Call us now! OK Viber
080-4150-5314

GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314
Web : www.gmt-intl.com www.samudrapari.com
Email: gmtintl.jpn@gmail.com

## सम्पादकीय

# व्यक्तित्व विकासको सिंढी

कुनै पनि मान्छेको व्यक्तित्व तयार हुन धेरै समय र मिहिनेत लागेको हुन्छ । हामीहरू जसको व्यक्तित्वबाट प्रभावित भईरहेका हुन्छौं त्यो क्षणभरमै बनेको होइन । रातारात कोही पनि मान्छे महान् बन्न सक्दैन । भनिन्छ, एकैरातमा सगरमाथा चढिन्न । मान्छेले एउटा लोभलाग्दो व्यक्तित्व निर्माण गर्न खास समय र निरन्तरको प्रयास अवश्य खर्चिएको हुन्छ । खराबबाट असल र असलबाट झनै असल बन्न मान्छेले निश्चित मापदण्ड र बानी-ब्यवहारको विकास गर्नैपर्ने हुन्छ । आफुलाई एक उच्च चेत सहितको एक्काइसौं शताब्दीको जिम्मेवार नागरिकका रूपमा विकास गर्न सक्यौं भने मात्र हामी असल व्यक्तित्वको सिंढी उक्लन सक्छौं । त्यसका लागि आफु भित्र भएका खराब आचरणहरू सुधार गरी ज्ञानको क्षितिजलाई पनि फराकिलो बनाउँदै लैजानुपर्दछ ।

भनिन्छ, मान्छे शक्तिशाली बन्न अरूलाई पराजित गरेर होइन, आफैभित्रको खराबीलाई पराजित गरेर मात्र संभव छ । तर आजको समयमा हरेक क्षेत्रमा देखाउने होडबाजी चलेको छ । हाम्रो समाज उत्ताउलिदैं गएको छ । केही दशकअघिसम्म धेरै लुकाएर थोरै देखाउने मान्यता थियो भने अहिले आएर थोरै लुकाएर धेरै देखाउने प्रचलन बढ्दो छ । आज जतातत्तै देखाउने प्रतिस्पर्धाको महामेला चलेको छ । सौन्दर्य प्रतियोगिता, विद्वत प्रतियोगिता, फेशन प्रतियोगिता, गरगहना प्रतियोगिता, धनसम्पत्ति प्रतियोगिता, जिमखाना प्रतियोगिता, खानेकुरा प्रतियोगिता आदि । हरेक तह र तप्काका व्यक्ति-व्यक्तित्वहरू अहिले प्रत्यक्ष-अप्रत्यक्षरूपमा यसप्रकारका प्रतियोगिताहरूमा सगौरव भाग लिईरहेका हुन्छन् ।

हामी अहिले प्राविधिक युगमा छौं । प्रविधिको विकासले हामीलाई तेस्रो विश्वसंग सीधा सम्पर्क गर्न सहज बनाईदिएको छ । प्रविधिको सहज पहुँच र प्रयोगबाट हामी प्रतिस्पर्धाको महामेलामा अरूभन्दा आफुलाई उत्कृष्ट देखाउने ध्याउन्नमा तल्लिन छौं । जसका कारण हाम्रो समाजमा अहिले स्वघोषित सर्बज्ञानी र महान व्यक्तिहरूको बिगबिगी धेरै बढेको छ । त्यसैले त उनीहरू जबर्जस्त आफुलाई सही र योग्य करार गर्न उद्यत देखिन्छन् ।

व्यक्तिको व्यक्तित्व देखाउने वा ढोंग रच्ने जिनिस हुँदै होइन । देखावटी र ढोंगी व्यक्तिको प्रभाव क्षणिक हुन्छ । जसको व्यक्तित्व सत्यताको धरातलमा उभिएको हुन्छ, उसले कुनै नकाव धारण गरिरहनु पर्दैन । जसरी फूलको वासना सर्बत्र मगमगाउँछ त्यस्तै असल व्यक्तिको व्यक्तित्व सर्वत्र आफै फैलिन्छ । जसरी फूलले आफ्नो सौन्दर्यता र सुगन्धित वासनाको विज्ञापन गरिरहनुपर्दैन त्यसरी नै असल व्यक्तिले आफ्नो असल व्यक्तित्वको प्रचार गरिरहनुपर्दैन । भनिन्छ, सुन्दरता आफै देखिने चीज हो, देखाईने चीज होइन । स्वःत देखिने चीज भएकोले त्यसको प्रभाव अनन्त रहन्छ ।

व्यक्तिको व्यक्तित्व कस्तो छ भन्ने कुरो उसको बोलीचाली, भावभंगी, लवाईखवाई र प्रस्तुतिमा झल्किन्छ । उसले प्रयोग गर्ने भाषा, टिकाटिप्पणी र अभिव्यक्तिमा यो प्रष्टै देखिन्छ । भनिन्छ, सकारात्मक सोच राख्ने र राम्रो दृष्टिकोणले व्यक्तिको व्यक्तित्वलाई अझ उजिल्याउँछ । पृथ्वीमा भएका सबै प्रकारका विषय र वस्तुहरूमा विचरण गर्न हामीलाई छूट छ । हाम्रो नांगो आँखाले बिश्वब्रम्हाण्डमा भईरहेका गतिविधिलाई कैद गर्ने क्षमता राख्दछ । यद्यपि हामी सित्तैमा पाईने स्वास्थ्यवर्द्धक स्वच्छ  हावा, प्राकृतिक सौन्दर्यता र अर्गानिक शान्त काखभन्दा यान्त्रिक जीवन रोजेर तनाव थपिरहेका छौं । मानवीय सम्बन्ध भन्दा ग्याजेट-मोहमा आज हाम्रो ध्यानकेन्द्रीत छ । तनावले मान्छेको व्यक्तित्वमा ह्रास ल्याउँछ भने उसको दैनिकीलाई अस्तव्यस्त बनाउँछ । मान्छेमा रोग लाग्नुका पछाडि ७५ प्रतिशत कारण अनावश्यक तनाव हो भनेर धेरै अगाडिदेखि विज्ञहरूले भन्दै आईरहेका छन् ।

त्यसकारण व्यक्तित्व निर्माणसंगै यसको व्यवस्थापनको पाटो पनि उत्तिकै महत्वपूर्ण हुने भएकोले स्वास्थ्य खानपान, समयको उचित व्यवस्थापन, नियमित अध्ययन गर्ने बानी, असल मित्रको छनौट, समसामयिक विषयहरूमा बेलाबेलामा छलफल र बहस गर्नाले हामीभित्र रहेका अनुभव, क्षमता र दृष्टिकोणले उजागर हुने अवसर पाउँदछन् । नेपाली नयाँ वर्ष २०८२ ले सारा नेपालीजनहरूको असल व्यक्तित्व निर्माणमा नयाँ उभार ल्याउन सकोस्, शुभकामना ।




# चुनौतीकाबीच जापान र नेपालसंगको सम्बन्ध

विचार

✍ -मोहनकृष्ण श्रेष्ठ


विश्वका १ सय ९३ देशहरू हाल संयुक्त राष्ट्रसंघमा सार्वभौम सम्पन्न सदस्यका रूपमा आवध्द छन् । यी राष्ट्रहरू मध्ये जापानलाई पनि एक प्राचिन देशमा गनिन्छ । जापान ११ फेब्रुअरी ६६० क्रिश्चियन ईशा पूर्वमा स्थापना भएको मानिन्छ । जापानको प्रथम सम्राट जिम्मदेखि हालसम्म अविछिन्नरूपमा उनको वंशजहरू सम्राटका रूपमा स्थापित छन् र शासन गरी आएका छन् ।

जापान एक जलपरिवेष्ठित राष्ट्र हो । सबैभन्दा नजिक रहेको कोरियाली पेनिन्सुला पनि ९ सय २६ किलोमिटर टाढा छ । जापान कैयौं शताव्दीसम्म एकाङ्कीपन मै रह्यो । यसले गर्दा जापानी जनमानसमा सिमागुनी कोन्ज्यो ९ टापु मनोवृति सोचाईको विकास भयो । यो भनेको विदेशीहरूसंग त्यति सम्बन्ध नराख्ने र टाढै रहने । सन् १८५८ मा अमेरिकन एडमिरल कोम्मोदोर पेरी योकोहोमा पोर्टमा आईपुगी जवर्जस्त रूपमा टोप तेर्स्याएपछि जापानले विदेशीका लागी विस्तारै प्रवेश खुल्ला गरेको इतिहास छ ।

जापान एक कृषि प्रधान देश नै थियो । तर सन् १८६८ मा मेईजी पुनरूत्थानको शुरूवात भए पश्चात औद्योगिक विकासले गति लिएको हो । जापानले औद्योगिकरण तर्फ निरन्तर प्रगति गर्दै गएता पनि सन् १९४५ को अगष्ट ६ मा हिरोशिमा तथा अगष्ट ९ मा नागासाकीमा अणुवम प्रहारवाट तहसनहस भएको हो । जसका कारण लाखौँ जनताले अनाहकमा ज्यान गुमाउनुपर्‍यो । तत्पश्चात् जापानको समृध्दिको बाटोमा तगारो पैदा भै कठिन दिनहरूको शुरूआत भए । जापानले विगतमा भोगेका सकसका दिनहरूका बारेमा बुझ्न जोन दावरद्वारा लेखिएको पुस्तक Embracing the Defeat पढेपछि थाहा हुन्छ । तर जापानी जनता मिहेनती तथा कर्मठ थिए र आज पनि छन् । पहिला आफ्नो देश बनाऔं अनि हामी आफै बन्छौ भन्ने सोचबाट अभिप्रेरित छन् । अमेरिकाले ल्याएको मार्शल प्लान अन्तर्गत लिएको ऋृण पनि केवल ३ वर्षमै फर्काए । जापानी जनतामा आन्तरिक श्रोत परिचालनको अभुतपूर्व जाँगर जाग्यो र आफ्नो श्रोतहरू परिचालन गरेर जापानलाई समृध्द राष्ट्र बनाए । हाल विश्वको एक दाता राष्ट्रको रूपमा पहिचान बनाएको जापानको आफ्नै राष्ट्रिय ऋण ८ दशमलव ८४ खर्ब डलर छ । जापानको प्रगति निर्यात प्रवर्द्धनको सफलताले दिलाएको मान्नुपर्दछ । सन् १९६० को दशकतिर टेक्सटाईलवाट शुरू भएर हाल उन्नत प्रविधिमा आधारित वस्तुहरू बनाई निर्यात गरिन्छ । करिव ४ दशमलव ४ खर्ब अमेरिकी डलरको वार्षिक कुल ग्राहर्स्थ उत्पादन रहेको जापान कैंयौ वर्षसम्म विश्वको दोश्रो ठूलो अर्थतन्त्रको रूपमा रह्यो । तर हालका वर्षहरूमा यो अवस्था खस्किएको छ । हाल ४ नंवरको ठूलो अर्थतन्त्र भएको जापान यो भन्दा पनि खस्कने क्रममा छ । भारतको लगातार प्रगति तथा जर्मनीको कारण जापान अझै तल झर्न सक्ने संभावना छ ।

दोश्रो विश्वयुध्दको अन्त्य पश्चात् जापानले शान्तिमा आधारित संविधान अपनाएको र सो को दफा ९ मा जापानले कहिल्यै पनि अब युध्द नगर्ने प्रतिबध्दता जनाएको थियो । तर त्यस समयपछि आजसम्म आउँदा विश्वको रंगमञ्चमा धेरै नै परिवर्तन तथा उतारचढाव आईसकेको छ । राजनीतिक, कूटनीतिक तथा सामारिक रूपमा जापानको अगाडि पनि निरन्तर रूपमा चुनौतीका चाङहरू देखापरेका छन् । संविधानद्वारा बाँधिएको जापानलाई कुनै युध्दमा होमिन नसके पनि आफ्नो देशको रक्षा गर्न भने नयाँ सोच ल्याउन जरूरी भएको छ । जापान सरकारले कूटनीति तथा सामरिक क्षेत्रहरूमा नयाँ सोचका साथ अगाडि बढ्न पर्ने आवश्यकता रहेको बुझ्न सकिन्छ । आफ्नो देशको प्रतिरक्षालाई मजबुत पारी अन्तर्राष्ट्रिय कूटनीतिमा सक्रिय भूमिका निभाउन जापानका लागि आवश्यक देखिन्छ ।

सन् १८९६ मा भिक्षु ईकाई कावागुचीको भ्रमणबाट शुरूआत भएको नेपाल-जापान दुई देशबीचको सम्बन्ध समयको प्रवाहमा निकै गतिशिल भई आएको छ । भिक्षु दूर दृष्टिवाला थिए त्यसकारण उनले तात्कालिन शासक चन्द्र शमसेरलाई ५७ पृष्ठको एक पत्र लेखि जनतालाई शिक्षाको अवसर प्रदान गर्न अनुरोध गरेका थिए । त्यस पश्चात् स्न १९०२ मा आठजना नेपाली विद्यार्थीहरू जापानमा पढाईका लागि गएर सन् १९०५ मा फर्केका थिए । उनीहरूले जापानबाट ल्याएको बिउका कारण आजसम्म पनि हामीले मीठो हलुवाबेद खान पाएका छौं । साथै सुन्दर विस्टेरिया देशको विभिन्न सहरहरूमा ढकमक्क फल्ने गरेको छ । १ सेप्टेम्वर १९५६ मा दुई देशबीच दौत्य सम्बन्ध स्थापना भएको र सन् १९६९ देखि



जापानले नेपाललाई आर्थिक तथा प्राविधिक सहयोग दिन शुरूवात गरेको थियो । हालसम्ममा जापानले नेपाललाई करिव ५ सय अर्व रूपैयाँ बराबरको ऋृण तथा अनुदान दिईसकेको बताईन्छ । जापानको सहयोगमा बनाईएका परियोजनाहरूले शिक्षा, स्वास्थ, यातायात, खानेपानी लगायत अन्य कतिपय क्षेत्रमा जनतालाई सिधारूपमा फाईदा दिएको छ । जापानमा हाल रोजगारी तथा पढाईका लागि करिव सवा २ लाख नेपालीहरू रहेको अनुमान गरिन्छ । यो संख्या गत २० वर्षका तुलनामा निकै ठूलो छ । जापानबाट सिक्ने कुराहरू थुप्रै छन् । समाजमा अनुशासन, समयको महत्व, बोलीको सम्मान लगायत समाजमा सामञ्जस्य तथा हार्दिकता कायम राख्न के गर्नुपर्दछ भन्ने कुराहरू पनि सिक्न सकिन्छ । देश तथा समाजलाई सुदृढ बनाउन योगदान दिन सक्ने धेरै सबल पक्षहरू हामीले आत्मसाथ गर्न सक्छौ । वैदेशिक रोजगारीका कारण देश खोक्रिदैं गएको हालको अवस्थालाई विचार गर्दा स्वदेशमा रोजगारीका मनग्गे अवसरहरू सिर्जना गरिनु अपरिहार्य छ । जापानमा सीप हासिल गरेर स्वदेश फर्केका नेपालीहरूले आफ्नै देशमा पनि केहि उद्यम गरी यसतर्फ योगदान दिन सकिन्छ । जापानमा कार्यरत रहँदा बचाएको रकमले स्वदेश फर्केपछि त्यहाँको उन्नत प्रविधि प्रयोग गरी मनग्गे आम्दानी गरेका उदाहरणहरू पनि यदाकदा सुन्नमा आएको छ ।

मैले राजदूतावासमा काम गरेको समयमा नेपाल उद्योग वाणिज्य महासंघबाट विशेषज्ञ झिकाएर एउटा सेमिनार आयोजना गरेको सम्झना छ । मुख्य लक्ष्य थियो जापानवाट फर्केपछि नेपालमा कस्तो किसिमको उद्योग व्यवसाय गर्न सकिन्छ भन्ने जानकारी दिने । नेपालीहरू संसारको जुनसुकै देश वा सहरमा रहे पनि आफ्नो मातृभूमिलाई माया गरिरहेका हुन्छन् । हाल विदेशमा नेपालीहरूको संख्या ७०, ८० लाख पुगेको सुनिन्छ । विदेशमा रहेका नेपालीहरूबाट वर्षेनि १३, १४ खर्व रूपैयाँ रेमिटयान्स भित्रिने गरेको र यसले देशको कुल ग्राहर्स्थ उत्पादनमा झण्डै ३० प्रतिशतसम्म योगदान पुर्‍याएको अनुमान छ । जापानमा बसी आएका नेपालीहरूले त्यहाँको सामाजिक परम्पराहरूलाई आत्मसात गरी सोही अनुकुलको आचरण अनुसार चल्नुपर्दछ । जापानको सभ्य, सुसँस्कृत तथा उन्नत समाजवाट शिक्षा लिई आफ्नो रहनसहनलाई उपयुक्त ढंगमा अगाडि बढाउन जरूरी छ । नेपालीहरूलाई जापानी समाजले कडा परिश्रम गर्ने, विश्वासिलो तथा कम समस्या उत्पन्न गर्ने नागरिकको रूपमा लिने गरेको पाईन्छ । यस्तो उच्च भावनालाई सबै नेपालीले मनन् गरी आफ्नो ब्यक्तिगत स्वार्थ भन्दा माथि देशको ईज्जतको ख्याल राख्नुपर्दछ ।

हिमाल पहाड तथा विभिन्न पुरानो सँस्कृतियुक्त देश नेपाल जापानी पर्यटकहरूका लागि एक रमणीय तथा मनपर्ने देश हो । भगवान गौतमबुद्धको जन्मभूमिमा आउन पाउँदा जापानीहरू खुशी हुन्छन् । अब त नारिता काठमाडौबीच सीधा हवाईसेवा पनि सञ्चालन भैसकेकोले समयको वचत भई आतेजातेमा पनि सुविधा छ । विदेश भ्रमणमा रमाउने जापानी पर्यटकहरू तान्न हामीले समय समयमा उपयुक्त प्रवर्द्धनात्मक कार्यक्रमहरूको आयोजना गर्नु आवश्यक हुन्छ । सन् २००० मा करिव ४१ हजार ९८ जापानी पर्यटकहरू नेपाल आएका थिए, जुन अहिलेसम्मकै सबैभन्दा ठूलो संख्या हो । त्यसपछि विभिन्न कारणले जापानी पर्यटकहरूको संख्या घट्दै गईरहेको छ ।

जापानले हाल भोग्दै आएको प्रमुख समस्या भनेको जन्मदरको कमी हो । गत १४ वर्षदेखि जापानको जन्मदर निरन्तर घट्दै आएको छ । कतिपय युरोपियन मुलुकहरूमा पनि यही समस्या देखापरेको छ । ढिला विवाह गर्नुका साथै वच्चा जन्माउन अनिच्छुकहरूको संख्या बढ्दै जानुले जापानको जनसंख्या निरन्तर घट्दोक्रममा रहेको छ । उद्योगधन्दा तथा कारखानाहरूमा काम गर्ने जनशक्तिको अभाव अर्को समस्याकारूपमा जापानले झेल्दै आएको छ । यो समस्या समाधान गर्नका लागि हाल जापानले विदेशवाट दक्ष, अर्धदक्ष तथा अदक्ष कामदारहरू भित्र्याउन थालेको छ । यो परिस्थितिले गर्दा नेपालीहरूका लागि पनि जापानको श्रमबजारमा रोजगारीका अवसरहरू उपलब्ध भएका छन् । चाहे जुनसुकै रोजगारीमा होस्, नेपालीहरूले जापानको वातावरणमा समाहित भै कामकाज गर्नु उपयुक्त हुन्छ । विश्व रंगमञ्चमा आईरहेको तिब्र ध्रुविकरण तथा युध्द विभिषिकाले मडारिरहेको कालो बादलले जापानलाई पनि गाँजेको देखिन्छ । नजिकको छिमेकी राष्ट्रले ताल न तुकको रकेट प्रहार गरेर एक शत्रुराष्ट्र छिमेक मै उपस्थित छ भन्ने त्रास देखाईरहेको छ । यसका साथै हाल विश्वमा गत तीन वर्षदेखि चलिरहेको युक्रेन र रूसबीचको युध्दले स-साना देशहरू सुरक्षित छैन भन्ने सन्देश दिएकै छ भने अर्कोतिर राजनीतिक लक्ष्यको अगाडि मानवीय महत्व निकै कम हुँदै गएको भान हुन थालेको देखिन्छ ।

सन् १९९१ मा खाडीयुध्द हुँदा जापानले १३ अर्व डलर आर्थिक सहयोग गरेको थियो, तर आफ्नो संविधानमा भएको प्रावधानको उल्लङ्घन गरेन । अहिले राजनीतिक लक्ष्यका अगाडि अन्य लक्ष्यहरू गौण भएका छन् । मानव अधिकारको क्षेत्रमा पनि निरन्तर ह्रास भईरहेको छ । अहिले प्रत्येक राष्ट्रले अर्कोलाई आक्रमण नगरे पनि, कसैले आक्रमण गर्‍यो भने अरूको मुख नताकी आफैले रक्षा गर्ने क्षमताको विकास गरिनु अपरिहार्य छ । जापान यसतर्फ निकै सजग रहेको आभास पाईन्छ । रक्षा बजेटमा बृध्दि भएबाट यसको पुष्टि भएको मान्नुपर्ने हुन्छ । जापानले कूटनीतिक क्षेत्रमा पनि ठूलो धनराशी योगदान दिदै आएको छ । तर सो अनुसारको विश्व कूटनीतिमा आफ्नो सक्रियता जनाई समस्या समाधानका लागि योगदान दिएमा राम्रो हुनेछ  । आउने दिनमा जापानले आफ्नो आर्थिक सुदृढता अनुसार कूटनीतिक क्षेत्रमा खंदिलो योगदान दिन आवश्यक छ । सयुक्तराष्ट्र संघमा जापानले हालसम्म महासचिवको भूमिका निभाउने अवसर पाएको छैन । जवकि म्यानमार तथा दक्षिण कोरिया जस्ता देशले यस्तो भूमिका निभाईसकेका छन् ।

अतः जापानले आउने दिनहरूमा विश्व रंगमञ्चमा आईपर्ने विभिन्न राजनीतिक, कूटनीतिक तथा अन्य परिदृष्यहरूमा सशक्त भूमिका निभाउदै जानु उपयुक्त हुन्छ जस्तो लाग्छ । जापानले अविकसित देशहरूलाई निरन्तर रूपमा सहयोग दिदै आएको सर्वविदित  नै छ । खासगरी यस्तो सहयोगमा कुनै राजनीतिक लक्ष्य नजोडिने कुरा पनि प्रष्ट छ । यसले गर्दा जापानलाई एक उदारवादी मित्र राष्ट्रको रूपमा चिनाएको त छँदै छ  । तर सहयोगको साथसाथ जापानले विभिन्न देशहरूमा मानव अधिकारको बढावा, विकासको क्रमलाई सबल वनाउन भ्रष्टाचार विरूध्दको लडाईमा पनि योगदान दिन जरूरी छ ।

(फ्रान्सका लागि पूर्व नेपाली राजदूत श्रेष्ठले नेपाली राजदूतावास टोकियो जापानमा समेत कार्यवाहक राजदूतको भूमिका निर्वाह गरिसक्नुभएको छ)

# जापानमा नेपाल हाउस निर्माण हुने

❑ नेस संवाददाता

टोकियो – जापानमा नेपाल हाउस निर्माण हुने भएको छ । एनआरएन जापानको अगुवाईमा नेपाल हाउस निर्माण हुने भएको हो । नेपाल हाउस निर्माण गर्ने महत्वाकाँक्षी प्रोजेक्टका लागि भन्दै गत वर्ष आयोजना गरिएको १४ औं नेपाल फेस्टिवलबाट ८३ लाख ८२ हजार ८ सय ११ येन बचत भएको एनआरएनले जनाएको छ ।

आईतबार टोकियोमा आयोजित एक समारोहमा फेस्टिवलको आय–ब्यय सार्वजनिक गर्दै उक्त जानकारी गराईएको हो । सार्बजनिक गरिएको आय–ब्यय विवरणअनुसार नेपाल फेस्टिवलबाट २ करोड ३४ लाख ६ हजार १ सय ११ येन कुल आम्दानी भएको र १ करोड ५० लाख २३ हजार ३ सय येन खर्च भएको छ । १४ औं नेपाल फेस्टिवलका आर्थिक संयोजक समेत रहेका एनआरएनए जापानका उपाध्यक्ष कृष्ण गैरेले उक्त जानकारी गराउनु भयो ।

आयब्यय सार्वजनिक समारोहमा बोल्दै जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदीले सफलतापूर्वक नेपाल फेस्टिवल सम्पन्न गरेकोमा खुशी व्यक्त गर्दै नेपाल हाउस निर्माणका लागि दूताबासबाट सक्दो सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेपाल हाउस निर्माणका लागि अनुमानित लागत र स्रोतका सम्बन्धमा जानकारी गराउँदै एनआरएनए जापानका अध्यक्ष नविन निउरेले राजधानी टोकियोबाट करिव सवा घण्टाको दूरीमा रहेको चिवास्थित उपयुक्त लोकेशनमा नेपाल हाउसका लागि १ हजार ७ सय ४२ वर्गमिटर (५२८ च्युबो) क्षेत्रफल रहेको जमिनको ब्यवस्थापन भईसकेको बताउनुभयो । अध्यक्ष निउरेका अनुसार बहुसाँस्कृतिक केन्द्रकारूपमा निर्माण गरिने नेपाल हाउस निर्माणमा जमिन खरिदसहित करिव ५ करोड येन खर्च लाग्ने छ । अध्यक्ष निउरेले उक्त रकम जापानका विभिन्न संघसंस्था, ब्यवसायी, नेपाल सरकार, क्लाउड फण्डिङ जस्ता स्रोतबाट जुटाईने योजना रहेको जानकारी दिनुभयो ।

# एभरेष्ट स्कुलको नयाँ शाखा आराकावामा, ओकुबो हुँदै बस सेवा सञ्चालनमा




❑ नेस संवाददाता

टोकियो – एभरेष्ट इन्टरनेशनल स्कुल जापानको चौथो शाखा आराकावा क्याम्पसमा यहि अप्रिल २१ बाट पढाई सुरू भएको छ ।

त्यसका लागि स्कुलले टाढा पर्ने विद्यार्थीहरूका लागि ओकुबोबाट बस सेवाको ब्यवस्था गरिएको छ । जसअनुसार ओकुबो, उएनो, निप्पोरी, निशी निप्पोरी, ताबाता, माचिया हुँदै आराकावा पुग्ने रूट निर्धारण गरिएको छ ।

हाललाई नर्सरी तहदेखि पाँच कक्षासम्म पढाई हुने गरी ब्यवस्था मिलाईएको स्कुल ब्यवस्थापनले जनाएको छ । एभरेष्ट इन्टरनेशनल स्कुल जापानको प्रि स्कुल एभरेष्ट किड्स ओकुबोमा, कक्षा १ देखि ३ सम्म आशागायामा र कक्षा ४ देखि कक्षा १२ सम्म ओगिकुबोमा पढाई भईरहेकोमा यसै शैक्षिक सत्रदेखि आराकावा क्षेत्रमा बसोबास गर्ने नेपालीहरूको बाक्लो उपस्थितिलाई ध्यानमा राख्दै प्रि स्कुलदेखि कक्षा ५ सम्म आराकावा क्याम्पस सञ्चालन गर्न लागेको नवगठित सञ्चालक समितिका अध्यक्ष किरणविक्रम थापाले नेपाली समचार लाई बताउनुभयो । ओकुबोस्थित एभरेष्ट किड्समा सिट क्षमताका कारण भर्ना गर्न नसकिएका नानीबाबुहरूलाई पनि आराकावामा ब्यवस्थापन गर्ने गरी स्कुल बसको ब्यवस्था मिलाईएको प्रिन्सिपल बिष्णुप्रसाद भट्टले बताउनुभयो । एभरेष्ट इन्टरनेशनल स्कुल जापानको बिस्तारित चौथो शाखा आराकावा क्याम्पसको औपचारिक उद्घाटन समारोह भने आगामी मे महिनाको १७ तारिख गरिने तय भएको इआइएसजे कम्पनी प्रमुख दिपक सुबेदीले जानकारी दिनुभयो । स्मरण रहोस्, गत अप्रिल ६ मा सम्पन्न सातौ अधिवेशनबाट स्कुलको सञ्चालक समितिको अध्यक्षमा किरणविक्रम थापा र कम्पनी प्रमुखमा दिपक सुबेदीलाई नयाँ जिम्मेवारी दिईएको हो ।

# जापानमा पहिलोचोटी "कर्णाली साँगीतिक साँझ" हुँदै

❑ नेस संवाददाता

टोकियो – कर्णाली प्रदेश समाज जापानले आगामी साता टोकियोमा 'कर्णाली साँगीतिक साँझ' गर्ने भएको छ । कर्णालीका विपन्न तथा लोपोन्मुख समुदायका बालबालिकाहरूको शिक्षा र स्वास्थ्यका लागि सहयोग जुटाउने उद्देश्यले उक्त साँगीतिक कार्यक्रम गर्न लागिएको सो समाजका अध्यक्ष कृष्ण शाहीले बताउनुभयो ।

अध्यक्ष शाहीका अनुसार यहि अप्रिल २९ तारिख मंगलबार हुने उक्त साँगीतिक साँझका लागि नेपालबाट लोकिप्रय कलाकारहरूको टोली आउँदो २८ तारिख सोमबार बिहान टोकियो आईपुग्ने भएका छन् । कलाकारहरूमा लोक तथा दोहोरी गायक तथा मोडल चक्र बम, पछिल्लो समयकी अत्यधिक रूचाएकी चल्तीकी लोक तथा दोहोरी गायिका इब्शल सञ्ज्याल र लोक तथा दोहोरी गायक उत्तम शर्मा लगायत छन् । नेपालबाट आमन्त्रित कलाकारहरूलाई जापानमै रहेका स्थानीय कलाकारहरूले साथ दिने भएका छन् ।

जापानको रंगमञ्चमा पहिलोचोटी हुन लागेको नितान्त नौलो, कर्णाली तथा सुदूरपश्चिम क्षेत्रका रैथाने लोकसँस्कृति र जनजीवनको चित्रण गर्ने साँगीतिक कार्यक्रममा उपस्थित भई शोभा बढाईदिन र पिछडिएको कर्णालीका विपन्न तथा लोपोन्मुख समुदायका बालबालिकाहरूको शिक्षा र स्वास्थ्यमा सहयोग जुटाउने अभियानमा साथ दिन कर्णाली प्रदेश समाज जापानले जापानबासी नेपालीहरूमा अपिल गरेको छ ।

२९ तारिख टोकियोको इकेबुकुरोमा हुने कार्यक्रमको प्रवेश टिकट भिआइपीका लागि १० हजार, सर्वसाधारणका लागि ३ हजार येन र विद्यार्थीका लागि २ हजार येन तोकिएको छ ।

राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल जापान शाखा र सुदूरपश्चिमेली समाज जापान सहआयोजक रहेको कर्णाली साँगीतिक साँझ कार्यक्रमको सबै तैयारी पूरा भईसकेको समाजका महासचिव हिमप्रकाश थापाले जानकारी दिनुभयो ।

कलाकारहरू २८ तारिख सोमबार बिहान नेपाल एअरलाइन्सबाट नारिता आईपुग्ने कार्यक्रम छ । कर्णाली साँगीतिक साँझ २९ तारिख टोकियोको इकेबुकुरोस्थित सिभिक सेन्टरमा साँझ ५ बजेबाट हुने छ भने मे २ तारिख ओसाका, ३ तारिख कोबे, ४ तारिख ओकिनावा र ६ तारिख नागोयामा कार्यक्रम तय भएको 'कर्णाली साँगीतिक साँझ' कार्यक्रम संयोजक बीरेन्द्र शाहीले बताउनुभयो ।

'अप्रिल २९ तारिख टोकियोमा हुन गईरहेको कर्णाली साँझमा भगवानरूपी दर्शकस्रोताहरूलाई गीत र संगीतको माद्यमबाट कर्णालीको भूगोल र भावनासंग जोड्ने हाम्रो अत्यधिक प्रयत्न रहने छ, जापानबासी नेपालीहरूसंग साँगीतिक शिष्टाचार गर्ने अवसर पाउँदा ज्यादै खुशी लागेको छ, छिट्टै हाम्रो भेट कर्णाली साँझमा हुने छ' – बहुप्रतिभाशाली गायक, मोडल चक्र बमले भन्नुभयो ।












# फर्केर हेर्दा यस्तो रह्यो ८१ साल

❑ नेस संवाददाता

काठमाडौं – वर्ष २०८१ को आरम्भसंगै कांग्रेस एमालेको अप्रत्याशित गठबन्धनबाट बनेको सरकारले वर्षभर नेपाली राजनीतिमा तरंग पैदा गऱ्यो । संसदीय इतिहासमै दुर्लभ मानिएको दुई प्रमुख दलबीचको सहकार्यले स्थायित्व, संविधान संशोधन र सुशासनको अपेक्षा बोकेको भए पनि वर्षभरि राजनीतिक अस्थिरता, सत्ता संघर्ष, सशंकित मोर्चाबन्दी र जनआक्रोशले राजनीतिक वातावरण झनै तरल बनायो ।

असार १७ गते कांग्रेस-एमालेबीच सात बुँदे सहमति भई केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भए । संविधान संशोधन, आर्थिक सुधार र सुशासन मुख्य कार्यभार थियो । तर, ९ महिनाको अवधिमा ती उद्देश्यमा खास प्रगति हुन नसक्दा कांग्रेसभित्रै असन्तुष्टिको स्वर चर्को हुँदै गयो । कांग्रेस नेता शेखर कोइरालाले सहमतिअनुसार सरकारको कुनै पनि प्राथमिकता जनकेन्द्रीत नभएको, बरू कर्मचारी सरूवा र प्रतिस्थापनजस्ता मामिलामा अल्झिएको आरोप लगाए ।

पछिल्ला अभिब्यक्ति हेर्ने हो भने सत्तारूढ दल नेपाली काँग्रेसका महामन्त्री गगनकुमार थापाले प्रधानमन्त्री ओलीको बेडरूमसम्म विचौलियाहरूको पहुँच रहेको संगीन आरोप लगाएका छन् । प्रधानमन्त्री ओलीले सरकार स्थायित्व र विकासको दिशामा अघि बढेको दाबी गरे पनि मन्त्रीहरूले सम्पत्ति विवरणसमेत सार्वजनिक नगरेको, पारदर्शिताको न्यूनतम मापदण्ड पालना नगरेको भन्दै चर्को आलोचना हुँदै आएको छ ।

## दलहरूकै कारण गणतन्त्र खतरामा - कृष्ण पहाडी

मानवअधिकारवादी नेता तथा विश्लेषक कृष्ण पहाडी पार्टीका बदनाम नेतालाई किनारा लगाउन नसकेमा आउने वर्ष राजनीतिक दृष्टिले अझै खतरापूर्ण हुने बताउँछन् । संविधान संशोधन गर्न नसकिए, आर्थिक, राजनीतिक र सामाजिक समस्याको समाधान नखोजिए राजनीति दुर्घटनातर्फ उन्मुख हुन सक्ने पहाडी बताउँछन् । 'दलहरूकै कारण लोकतान्त्रिक गणतन्त्र खतरामा छ । राजतन्त्र पुनःस्थापना हुने कुनै सम्भावना छैन । यसलाई मलजल गरेकै प्रमुख दलका प्रमुख नेताहरूले हो,' पहाडीले भने, 'अब राष्ट्रिय सहमतिको सरकार बनाएर जानुपर्छ ।'

## ८१ सालभरि चर्चामा रवि, आरोप सहकारी ठगीको

अत्यन्तै तामझाम र जान्नेलाई छान्ने भन्दै उदाएको नयाँ र वैकल्पिक शक्ति भनिएको रास्वपाका अध्यक्ष रवि लामिछानेको एकपछि अर्को शृङ्खलाबद्ध गिरफ्तारी २०८१ भरि समाचारका हेडलाइन बनिरहे । सहकारी घोटाला, मनी लाउन्डरिङ र संगठित अपराधको आरोपमा पक्राउ परेका लामिछानेलाई गत चैत २२ को आदेशअनुसार पुर्पक्षका लागि कारागार चलान गरियो । यस घटनाले वैकल्पिक शक्तिप्रति पनि नागरिकको भरोसा टुटेको विश्लेषक तुलनाराण साह बताउँछन् । उनका अनुसार आउने वर्ष सामाजिक, आर्थिक र राजनीतिक दृष्टिले झनै दुर्भाग्यपूर्ण हुने संकेत देखिएका छन् । ' बितेको वर्ष सकारात्मकभन्दा पनि नकारात्मक घटनाक्रम नै बढी भए । नवोदित राजनीतिक शक्तिले साख जोगाउन सकेनन् । वर्षको अन्त्यमा राजावादीहरूले हिंसाको बाटो समातेका छन् । यो सबै हेर्दा राजनीति ठीक ठाउँमा गइरहेको देखिँदैन । ०८१ को घटनाक्रम हेर्दा नयाँ वर्ष झन् दुर्भाग्यपूर्ण देखिन्छ ।'

## राजावादीहरू सल्बलाउँदा वर्षान्त दुखान्त

अर्कातर्फ राजनीतिक अस्थिरता, पुराना दलप्रति जनआक्रोश र लोकतन्त्रप्रति बढ्दो निराशाको फाइदा उठाउँदै पूर्वराजा ज्ञानेन्द्र शाह सडकमा देखिए । १७ वर्षपछि पहिलोपल्ट पूर्वराजाको सार्वजनिक प्रदर्शनले गणतन्त्रप्रति प्रश्न खडा गऱ्यो । चैत १५ मा दुर्गा प्रसाईंको नेतृत्वमा भएको प्रदर्शन हिंसात्मक बन्दा एक पत्रकारको ज्यान जानु, प्रदर्शनकारीको मृत्यु हुनु र प्रसाईंको गिरफ्तारीले वर्षको अन्त्य अशान्त बनायो ।

संविधान जारी भएको एक दशक पुग्न लाग्दा पनि आवश्यक कानूनहरूको अभाव कायमै छ । प्रहरी समायोजन, निजामती कर्मचारी व्यवस्थापनजस्ता संघीयता सुदृढ गर्ने कानून निर्माण नहुँदा प्रदेशको औचित्यमाथि सडक र संसद्मा प्रश्न उठ्न थालेको छ । केन्द्रमा सरकार बनेलगत्तै प्रदेशमा पनि सत्ता परिवर्तन हुने दोहोरो प्रवृत्तिले संघीय संरचना कमजोर बनाएको विश्लेषणकर्ताहरू बताउँछन् । गत वर्षको असोज दोस्रो साता आएको बाढीपहिरोमा सरकारको उद्धार प्रयास कमजोर हुँदा सरकार थप आलोचित बन्नुपऱ्यो । बागमती प्रदेशमा मात्र २ सय ५० जनाको ज्यान गएको, अर्बौंको भौतिक क्षति भएको अवस्थामा पनि राज्य संयन्त्रको ढिलासुस्तीले सरकारको निकम्मापन उदांगियो । २०८१ साल नेपाली राजनीतिमा सत्ताको खिचातानी, गठबन्धनको अपरिपक्वता, भ्रष्टाचारप्रतिको मौनता, जनविश्वासको क्षय र वैकल्पिक शक्तिको पतनले चिन्ताजनक मोड लिँदै अन्त्य भयो । नयाँ वर्ष २०८२ यिनै चुनौतीहरूको थुप्रोबीच प्रवेश गरेको छ, जहाँ समाधानभन्दा सन्देह, सहमति भन्दा असहमति नै बढी देखिन्छ ।

# शीर्ष नेता सम्पत्ति छानबिनको दायरा बाहिर

❑ नेस संवाददाता

काठमाडौं – २०६२/६३ को राजनीतिक परिवर्तनले मुलुकमा सुशासनको नयाँ युग सुरू हुने अपेक्षा गरिएको थियो । तर, दुई दशक बितिसक्दा पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले शक्तिशाली राजनीतिक नेताहरूको सम्पत्तिमा छानबिन गर्न सकेको छैन ।

राजनीतिक परिवर्तनपछिका वर्षहरूमा अख्तियारले दर्जनौं अकुत सम्पत्ति आर्जनसम्बन्धी मुद्दा दायर गरे पनि तीमध्ये राजनीतिक नेताहरू विरूद्धको संख्या अत्यन्त न्यून देखिन्छ । अधिकांश मुद्दा कर्मचारी लक्षित छन् भने राजनीतिक नेतृत्व अनुसन्धानको दायराबाट लगभग बाहिरै छन् ।

अख्तियारको वार्षिक प्रतिवेदन अनुसार २०६३ साल यता अकुत सम्पत्ति आर्जनसम्बन्धी जम्मा ८६ मुद्दा दायर भएका छन् । तीमध्ये नाम चलेका नेताहरूको संलग्नता नदेखिनु गम्भीर चिन्ताको विषय बनेको छ । चालू आर्थिक वर्षको ३० वैशाखसम्म दायर ७२ मुद्दामध्ये अकुत सम्पत्तिसम्बन्धी दुई मात्र छन् ।

०८०/८१ मा दायर १३ मुद्दामध्ये सर्लाहीका बागमती नगरपालिकाका मेयर भरतकुमार थापा मात्रै राजनीतिक तहका व्यक्ति थिए । ०७९/८० मा दायर १३ मुद्दामा कुनै पनि नेता थिएनन् । यस्तै, ०७८/७९ मा १३१ भ्रष्टाचार मुद्दा दायर गरिए पनि अकुत सम्पत्ति आर्जनसम्बन्धी सात मात्र थिए, ती सबै कर्मचारी लक्षित थिए ।

राजनीतिक परिवर्तनअघिका चार वर्षमा भने अख्तियारले सक्रियता देखाएको थियो । ०५९/६० मा अख्तियारले १४७ मुद्दा दायर गर्दा २८ अकुत सम्पत्तिसम्बन्धी थिए । त्यही वर्ष पूर्वमन्त्रीहरू जयप्रकाश गुप्ता, चिरञ्जीवी वाग्ले र खुमबहादुर खड्कामाथि मुद्दा दायर भएको थियो । ०६०/६१ मा पूर्वमन्त्री गोविन्दराज जोशी, रवीन्द्रनाथ शर्मा, प्रहरीका अधिकारीहरू तथा सचिवहरूसमेत मुद्दामा परे । ०६१/६२ मा त नेपाल प्रहरीका तीन पूर्वआइजिपी मोतीलाल बोहरा, अच्युतकृष्ण खरेल र प्रदीपशमशेर जबरामाथिसमेत मुद्दा दायर गरिएको थियो ।

## राज्यका अंगमा कार्यकर्ता भर्ती गरेपछि.........

६२/६३ मा दायर १ सय १४ मुद्दामध्ये नौ अकुत सम्पत्तिसम्बन्धी थिए, जसमा प्रधानमन्त्रीका तत्कालीन पिएसओ देखि सहसचिवसम्म तानिएका थिए । अख्तियारका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्याय अख्तियारमा हुने राजनीतिक भागबन्डाले निष्पक्ष अनुसन्धान सम्भव नभएको बताउँछन् । 'जब नियुक्ति राजनीतिक भागबन्डाबाट हुन्छ, त्यहाँ स्वतन्त्र अनुसन्धान कसरी सम्भव हुन्छ ?' उनको प्रश्न छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलकी पूर्वअध्यक्ष पद्मिनी प्रधानाङ्गको तर्क पनि त्यही छ । उनका अनुसार, 'राज्यका निकायहरूमा कार्यकर्ता भरिएकाले उनीहरू आफ्नै नेतामाथि छानबिन गर्न सक्दैनन् ।'

पूर्वराजदूत नीलाम्बर आचार्य भन्छन्, 'नेताहरूको विलासी जीवन र तिनको सम्पत्तिमा अनुसन्धान नहुनु आफैमा जनतासँग धोका हो ।' संविधानविद् भीमार्जुन आचार्यले त राज्य संयन्त्र नै नेताहरू छानबिन गर्न नसक्ने स्थितिमा पुगेको बताउँछन् ।













# रेमिट्यान्समा कीर्तिमान, एक महिनामै भित्रियो डेढ खर्ब




❑ **नेस संवाददाता**

काठमाडौं – चालु आर्थिक वर्षको आठ महिनामा नेपालमा रेमिट्यान्स प्रवाहले ऐतिहासिक कीर्तिमान कायम गरेको छ । राष्ट्र बैंकले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदनअनुसार साउनदेखि फागुनसम्मको अवधिमा १० खर्ब ५१ अर्ब ७७ करोड रूपैयाँ रेमिट्यान्स मुलुक भित्रिएको छ । यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा ९ दशमलव ४ प्रतिशतले वृद्धि हो ।

विशेषगरी फागुन महिनामा मात्र १ खर्ब ५१ अर्ब २० करोड रूपैयाँ रेमिट्यान्स भित्रिएको छ, जुन मासिक हिसाबले हालसम्मकै उच्च हो । यसअघि गत असोज महिनामा १ खर्ब ४४ अर्ब रूपैयाँ रेमिट्यान्स आएको थियो ।

रेमिट्यान्स वृद्धिको एक मुख्य कारण वैदेशिक रोजगारीमा गएका नेपालीको संख्यामा उल्लेख्य वृद्धि हुनु हो । आठ महिनामा ३ लाख १७ हजार ६८ जनाले अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिएका छन् भने २ लाख १७ हजार ४०३ जनाले पुनः श्रम स्वीकृति लिएका छन् । गत वर्षको तुलनामा दुवै प्रकारका स्वीकृतिमा वृद्धि देखिएको छ ।

रेमिट्यान्स वृद्धिसँगै मुलुकको विदेशी मुद्रा सञ्चिति पनि उल्लेखनीय रूपमा बढेको छ । फागुन मसान्तसम्म कुल सञ्चिति २४ खर्ब ९ अर्ब रूपैयाँ पुगेको छ, जुन अघिल्लो असारको तुलनामा १८ प्रतिशतले बढी हो । अमेरिकी डलरको हिसाबले हेर्दा यो सञ्चिति १७ अर्ब २७ करोड पुगेको छ । हालको सञ्चिति १७ दशमलव २ महिनाको वस्तु आयात र १४ दशमलव ३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने राष्ट्र बैंकको दाबी छ ।

यद्यपि अर्थशास्त्रीहरू रेमिट्यान्स वृद्धिमा मात्र रमाउन नहुने चेतावनी दिन्छन् । राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाका अनुसार अर्थतन्त्रको अन्य सूचकहरूमा सुधार नआएकाले आर्थिक गतिविधि चलायमान बन्न सकेको छैन । सरकारले खर्च नगरेकाले चार खर्ब रूपैयाँ जति राष्ट्र बैंकको खातामा थन्किएको छ । पुँजीगत खर्च लक्ष्यको मात्र २७ दशमलव ७७ प्रतिशत पुगेको छ भने राजस्व संकलन ५५ दशमलव ७७ प्रतिशतमा सीमित छ । थापाले विदेशी अर्थतन्त्र सुदृढ भएकाले नेपालीले धेरै रेमिट्यान्स पठाउन सकेको भन्दै सरकार आत्मरतिमा रमाउन नहुने सुझाव दिए । 'सरकार र निजी क्षेत्र दुवैले खर्च र लगानी बढाउनुपर्छ,' उनले भने, 'त्यसले गर्दा मात्र नागरिकको हातमा पैसा पुग्छ र अर्थतन्त्र चलायमान हुन्छ ।' राष्ट्र बैंक अनुसन्धान विभाग प्रमुख गुणाकर भट्टका अनुसार हालको न्यून मुद्रास्फीति, ब्याजदर र बढी तरलताको अवस्थामा सरकार र निजी क्षेत्रले लगानी र खर्च बढाउन सकेमा दिगो आर्थिक वृद्धिको आधार निर्माण गर्न सकिन्छ ।

# एनआरएनलाई सर्वोच्चको चौथो परिपत्र




❑ **नेस संवाददाता**

काठमाडौं – सर्वोच्च अदालतको फैसला गैरआवासीय नेपाली संघ (एनआरएनए) को वर्तमान कार्यसमितिले कार्यान्वयनमा अटेरी गरेपछि चौथोपटक पत्राचार गरेको छ । सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयका निर्देशक जनकप्रसाद शर्माले सोमबार एनआरएनए सचिवालयलाई पत्राचार गर्दै तोकिएको मितिमै एकता महाधिवेशन गर्न निर्देशन दिएका हुन् । सर्वोच्च अदालतको फैसलाबमोजिम शेष घले नेतृत्वको एनआरएनए उच्चस्तरीय समितिले वैशाख २० देखि २२ (२०२५ मे ३ देखि ५) सम्म काठमाडौंमा एकता महाधिवेशन गर्ने तयारी तीव्र पारिरहेको छ । तर, बद्री केसी नेतृत्वको एनआरएनए वर्तमान कार्यसमितिले उच्चस्तरीय समितिलाई सचिवालय हस्तान्तरण नगरेपछि फैसला कार्यान्वयनमा प्रश्न उठेको हो ।

फैसला कार्यान्वयन निर्देशनालयको पत्रमा एनआरएनको उच्चस्तरीय समितिको १९ चैत २०८१ को पत्र व्यहोरा हेर्दा ' एनआरएनए सचिवालय हस्तान्तरण गर्न सक्दैनौं' भनी जवाफ फर्काएको भन्ने उल्लेख छ । यस्तै, ८ वैशाख २०८२ मा निर्देशनालयमा एनआरएनए उच्चस्तरीय समितिका तर्फबाट पेस गरेको प्रगति विवरणमा ४ मंसिरदेखि ३१ चैत २०८१ सम्म १४ पटक बैठक बसी उच्चस्तरीय समितिले सम्मानित सर्वोच्च अदालतले तोकिएको समयावधिभित्र कार्य सम्पन्न गर्ने कार्ययोजना साथ अगाडि बढिरहेको उल्लेख छ । निर्देशनालयले सोमबार गरेको पत्राचारमा 'निर्धारित मितिभित्र कार्य सम्पन्न गर्न प्रतिबद्ध रहेको भनी ८ वैशाख २०८२ मा एनआरएनएको उच्चस्तरीय समितिको पत्रमा उल्लेख गरे बमोजिम नै गर्नू र सर्वोच्चको २१ चैत २०८० को आदेशअनुसार तोकिएको मितिमा नै महाधिवेशन गर्नू/गराउनू' भन्ने उल्लेख छ । फैसला कार्यान्वयन निर्देशनालयले तोकिएको मितिमै उच्चस्तरीय समितिबाट महाधिवेशन सम्पन्न गर्ने गराउने कार्यमा अनिवार्य रूपमा समन्वय, सहयोग गर्न तथा गराउन परराष्ट्र मन्त्रालयलाई पनि निर्देशन दिएको छ । कानून बमोजिम महाधिवेशनका लागि समयावधि थप्न निर्देशन दिन नमिल्ने पनि पत्रमा उल्लेख छ ।

# रोकियो सुरुङमार्ग निर्माण

❑ **नेस संवाददाता**

काठमाडौं – निर्माणको अन्तिम चरणमा पुगेको नागढुङ्गा-सिस्नेखोला सुरुङमार्ग आयोजनाको काम एक महिनादेखि ठप्प छ । स्थानीयले विभिन्न माग राख्दै अवरोध गरेपछि चैत ३ गतेदेखि आयोजनाको कुनै पनि काम अगाडि बढ्न सकेको छैन । कात्तिकदेखि सो सुरुङमार्ग सञ्चालनको तयारी छ ।

आयोजनाका प्रमुख सञ्जय पन्थीले स्थानीयवासीले आयोजनासँग असम्बन्धित र अव्यवहारिक माग राख्दै सुरुङमार्ग निर्माण अवरुद्ध पारेको बताए । आयोजनाको काम सुरु भएयता स्थानीयवासीले १२ पटकभन्दा बढी आयोजनाको काममा अवरोध पुऱ्याइसकेका छन् । उनले भने, 'यसअघि स्थानीयसँग भएको सम्झौता अनुसार उनीहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने काम सुरु भइसकेको छ । कतिले क्षतिपूर्ति पाइसकेका छन् । तर फेरि नयाँ कुरा झिकी विभिन्न असान्दर्भिक माग राखी आयोजना ठप्प पारिएको छ ।'

उनका अनुसार यसअघि सुरुङमाथिका विस्फोट गर्दै चर्किएको भनिएका सात वटा घरको मूल्याङ्कन भई नयाँघर निर्माणका लागि क्षतिपूर्ति दिने काम सुरु भइसकेको छ । स्थानीयले सुरुङमार्ग क्षेत्रमा खानेपानी निःशुल्क वितरण व्यवस्था हुनुपर्ने, सिँचाइका लागि दीर्घकालीन व्यवस्था गर्नुपर्ने, सुरुङमाथि परेका जग्गाको मुआब्जा दिनुपर्ने लगायतका माग गर्दै आयोजनाको काम ठप्प पारेका हुन् । सुरुङमार्ग क्षेत्रका बासिन्दालाई रोजगारीको सुनिश्चितता गर्नुपर्ने पनि उनीहरूको माग छ । अवरोधका कारण सुरुङमार्गको भुइँ ढलान, पहुँच सडक निर्माण, फ्लाइओभर निर्माण, पहिरो नियन्त्रणका लागि वालिङ (ल्यान्ड साइड प्रोटेक्सन) उठाउने लगायतका काम अवरुद्ध छन् । आयोजना प्रमुख पन्थीले भने, 'हामीले आयोजनाको काम सुरु गर्न स्थानीयवासीसँग छलफल गरी धेरै प्रयास गऱ्यौं तर केही लागेन । अब यस समस्या समाधान माथिल्लो तहबाट मात्र हुन सक्छ होला ।'

**सरसफाई गर्ने पार्टटाइमर चाहियो**

**लामो अवधि**
- समय: ०७:००-१६:०० बजेसम्म (२ घण्टा ब्रेक)
- पारिश्रमिक: ८ हजार येन (प्रतिदिन)
- यातायात: दैनिक ५ सय येनसम्म
- आवासको सुबिधा, सवारी चालक र ग्रुपलिडरका लागि अतिरिक्त भत्ता

**छोटो अवधि**
- आवश्यकता: २०२४ अगष्ट १६ देखि १९ सम्म
- समय: २ दिनदेखि ४ दिनसम्म (सिफ्टअनुसार)
- पारिश्रमिक: न्युनतम ३ मान ६ हजार येनदेखि अधिकतम ७ मान २ हजार येनसम्म (आपसी सहमतिमा)
- अन्य सुबिधा: आवास, खाना र प्रतिघण्टा ब्रेक
- गर्नुपर्ने काम: म्युजिक फेस्टिबलमा सरसफाई तथा अनुगमन (कामको अनुभव नभए पनि हुने)

**Langate Co., Ltd.**
3-18-11 Nitta, Adachi-ku,
Tokyo 123-0865
050-5236-6570 (Subedi Sushil )
recruitment@langate.biz
(नेपाली भाषा उपलब्ध)

**तोकुतेइ गिनोउ भिसामा**
**जापानमा रोजगारीको अवसर**

जापानको श्रमबजारमा खुलेको नयाँ अवसर तोकुतेइ गिनोउ (विशेष सीपयुक्त कामदार – SSW) भिसामा निःशुल्क रोजगारीका लागि इच्छुक महानुभावहरूले हामीलाई संपर्क राख्नुहोल । जापानमै रहनुभएका र नेपालबाट आउन चाहने निम्न योग्यता भएकाहरूले आवेदन गर्न सक्नुहुने छ । साथै जापानी भाषा परीक्षा र सीप परीक्षाका लागि पूर्व तयारी कक्षाका साथै आवश्यक सबै सहजीकरणको ब्यवस्था छ ।

**आधारभूत जानकारी**
- जापानी भाषाको एन-फोर वा सो सरहको तह उत्तीर्ण गरेको
- निर्दिष्ट १४ क्षत्र मध्य कुनै एक क्षेत्रको सीप परीक्षा उत्तीण गरेको
- माथिका दुबै वा कुनै एक परीक्षा दिनका लागि सर्पोटको आवश्यक परेमा
- यसका आधारभूत मापदण्ड र प्रक्रिया बारे बिस्तृत जानकारी चहिएमा
- नेपालमै हुनेहरूले पनि भिजिटमा जापान आएर परीक्षा दिन चाहेमा
- एन-फोर र सीप परीक्षाका लागि तयारी कक्षा धमाधम सञ्चालन भईरहेको छ

**GMT INTERNATIONAL CO., LTD.**
Tel/Fax : 03-5937-5314
080-4150-5314, 090-6095-5712
(License No: 19-001335)
Email: info@gmt-intl.com, Web: www.gmt-intl.com
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073

**BIPASNA NEPALI PASAL**
Wholesale and Retail Fancy Shop

विवाह, ब्रतबन्ध जस्ता पार्टीहरूका लागि आवश्यक पर्ने साडी, कुर्था तथा गरगहना लगायतका नेपाली-इण्डियन सामान एकैठाउँमा उपलब्ध छ । तपाईंको अर्डर अनुसार डिजाइनमा कपडा तयार गरिनुका साथै हामीकहाँ कस्मेटिक तथा पूजाका सामग्री पनि उपलब्ध छ । बिपस्ना नेपाली पसललाई अवश्य सम्झनुहोला ।

Scan for location
070-3614-3359
03-5937-4484 | 070-8362-8092
〒169-0073 Tokyo, Shinjuku, Hyakunincho, 2-13-17 フラット・アイ103
FOLLOW US!

**'सुपथ मूल्यमा भरपर्दो र छिटो सेवा'**

जापानमा भिसा सम्बन्धि सम्पूर्ण कामका लागि सँधै हामीलाई सम्झनुहोला । साथै कम्पनी स्थापना गर्ने, कम्पनीमा कार्यरत स्टाफहरुको तलवी हिसाब गरिदिने, कम्पनीको ठेगाना तथा उद्देश्य परिवर्तन गर्ने, नामसारी गर्ने लगायतका कामहरु पनि गरिन्छ ।

**सम्पर्क**
おがわ事務所
(2 Min. Walk From JR Okubo Station North Exit)
Tel: 03-3368-6647 Fax: 03-3368-9966
Mobile: 090-2933-9001
1-18-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
軽減税率制度 (Reduced Tax Rate System) सुविधा उपलब्ध छ ।
We Accept Payment Through
VISA PayPay

**भिसा सम्बन्धि सम्पूर्ण कामका लागि**
**OGAWA JIMUSYO**
Visit Our Website

# फिल्म सुटिङको हब बन्दै मुस्ताङ



❑ नेस संवाददाता

काठमाडौं – पछिल्लो समय बेनी-जोमसोम-कोरला सडकमा आवतजावत गर्न सहज भएसँगै फिल्म छायाङ्कनको आकर्षक गन्तव्य बनेको छ, मुस्ताङ । संघीय राजधानी काठमाडौंबाट एक दिनमै पुग्न सकिने हुँदा जिल्लाका विभिन्न स्थानमा फिल्म छायाङ्कन गर्ने क्रम बढेको हो । साथै विभिन्न हलिउड, बलिउड र कलिउडका फिल्म छायाङ्कन गर्नका लागि जनशक्ति, उपकरण र बन्दोबस्तीका सामान ढुवानी गर्न सहज भएसँगै मुस्ताङमा फिल्म छायाङ्कन गर्नेहरू आकर्षित भएका हुन् ।

जिल्लाको पृथक भूगोलमा छायाङ्कन गर्न पछिल्लो समय चलचित्रकर्मी निकै लालायित हुने गरेको पाइएको छ । हिमाली शृँङ्खला, प्राकृतिक भूगोल, जैविक तथा साँस्कृतिक विविधताका साथै लोभलाग्दो कृषि र पशुपालन गर्ने सँस्कृतिलाई फिल्मको पर्दामा कैद गर्न पछिल्ला केही वर्षयता चलचित्रकर्मीको लर्को नै लाग्ने गरेको पाइएको छ । सडक नहुँदाको तत्कालीन अप्ठ्यारो परिस्थितिमा समेत मुस्ताङमा हिन्दी फिल्म खुदा गवाह सुटिङ भएको थियो । भारतीय अभिनेता अमिता बच्चन त्यस समयको कठिन परिस्थितिका बेला पनि मुस्ताङ आएर सुटिङ सकाएका थिए । तर, त्यसबेलाको कठिन परिस्थिति अहिले पूरै फेरिएको छ ।

घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले एकैदिन मुस्ताङ आएर फिल्म सुटिङ गर्न पाइने भएकाले पनि मुस्ताङमा फिल्म छायाङ्कनका लागि आउनेको संख्या बढ्दै गइरहेको जानकारी दिए । जिल्लामा विभिन्न देशका चलचित्र, म्युजिक भिडियो र डकुमेन्ट्री फिल्म सुटिङ गर्न सहज हुनेगरी यहाँका स्थानीय तहले सीमित राजस्व संकलन गर्ने गरेको उनको भनाइ छ ।

# गुराँसको राजधानीमा फुलेन गुराँस

❑ नेस संवाददाता

काठमाडौं – कोशी प्रदेश सरकारले 'पर्यटन वर्ष' २०८१ को उत्पादन तीनजुरे-मिल्के-जलजले क्षेत्रबाट गरेको छ । गुराँसको राजधानीका रूपमा चिनिने सो क्षेत्रबाट पर्यटन प्रवर्द्धन अभियान सुरू गरिए पनि यस वर्ष गुराँसको फूल नफुलेपछि स्थानीयवासी तथा विज्ञहरूले चिन्ता व्यक्त गरेका छन् । स्थानीय बासिन्दा ७२ वर्षीय ज्ञानबहादुर कार्कीका अनुसार यस वर्ष जंगल अन्य वर्षझैं राताम्य नभएर सुनसान देखिएको छ । 'गुराँस सँधैं फुल्थ्यो, तर अहिले खङग्रङ्ग देखियो, यो निकै चिन्ताको विषय हो,' उनले भने ।

अर्का स्थानीय वेगबहादुर गजमेरले पछिल्लो वर्षमा वर्षा नहुनुले गुराँस नफुल्ने अवस्था आएको बताएका छन् । 'गत असोजयता एक थोपा पानी परेन, हिउँ पनि परेन, यसै कारण गुराँस पनि नफुलेको हो,' उनले भने । गुराँस नफुल्नुको कारणमा मौसमीय परिवर्तन मात्र नभई मानवीय लापरबाहीको असर पनि देखिन थालेको वनस्पतिविद् कमल मादेनले बताएका छन् । 'जैविक मार्ग मिचेर बनाइएका



पक्की संरचनाले माटो, पानी र हावाको सन्तुलनमा असर पुऱ्याएको छ,' मादेनले भने, 'गुराँसजस्ता संवेदनशील वनस्पतिमा यस्तो विकास कार्यको प्रत्यक्ष प्रभाव देखिन्छ ।' लालीगुराँस विशेषज्ञ डा. केशवराज राजभण्डारीले पनि मौसमीय असन्तुलन र चिस्यानको अभावले गुराँस नफुल्ने अवस्था आएको बताएका छन् । 'गुराँस सामान्यतया माघ-फागुनमा फुल्ने हो, तर यस वर्ष त्यसो भएन,' उनले भने, 'लामो समयसम्म वर्षा नभएकोले माटो सुक्खा भई फूल फुल्न नसकेको हो ।'

# फोर नेसन्स बक्सिङमा नेपाललाई ४ स्वर्ण

❑ नेस संवाददाता

काठमाडौं – नेपाली बक्सिङ खेलाडीले भुटानको थिम्पूमा भएको फोर नेसन्स कप बक्सिङ च्याम्पियनसिपमा ४ स्वर्ण, ३ रजत र २ कांस्य पदक जितेका छन् । चार राष्ट्र सहभागी प्रतियोगितामा नेपाली टिम दोस्रो भयो । भुटान टिम च्याम्पियन भएको थियो । यिनै चार टिमको संयुक्त प्रशिक्षण शिविर भएको नेपाल बक्सिङ महासंघका उपाध्यक्ष श्यामकाजी अवालेले जनाए । प्रशिक्षण अप्रिल ८-१० तथा प्रतियोगिता अप्रिल ११-१३ सम्म भएको थियो ।

नेपालका ७ खेलाडी फाइनल पुगेकामा चारले स्वर्ण जिते । महिला ५० केजी तौल समूहमा नेपालकी आरती बम्जनले भुटानकी जामो जिग्दाललाई ५-० अंकमा पराजित गरी स्वर्ण दिलाइन् । महिला ५२ केजीमा नेपालकी अस्मिता दुवालले भुटानकै डेमो नोर्नुलाई ५-० अंकले आधारमा हराएर स्वर्ण जितिन् । नेपालकी वर्षा श्रेष्ठले महिला ५४ केजीमा भुटानकै टासीलाई ४-१ ले हराएर अर्को स्वर्ण जितिन् । पुरूष ५१ केजीमा नेपालका लक्ष्मण राईले सिक्किमका कृष्णकैलाश राईलाई ५-० अंकको आधारमा हराएर स्वर्ण जिते ।

पुरूष ४८ केजीमा नेपालका लालप्रसाद उप्रेती भुटानका दोर्जे मगरसँग ४-१ अंकले पराजित हुँदै दोस्रो भए । ५४ केजीमा चन्द्रबहादुर थापा बंगलादेशका महम्मद उन्सोवसँग फाइनलमा ३-२ अंकले पराजित भए । उत्कृष्ट खेल प्रदर्शन गरेका चन्द्रले अन्तिम राउन्डमा रेफ्रीको चेतावनी पाएका थिए । उनी ३:२ ले पराजित भई रजतमा समेटिए । यसअघि चन्द्रले सेमिफाइनलमा भारतीय खेलाडीलाई ५-० ले हराएर फाइनल तय गरेका थिए ।

# ५० लाख खर्चेर घण्टाघरको घडी फेरिदैं

❑ नेस संवाददाता

काठमाडौं – काठमाडौंको घण्टाघर स्तम्भमा नयाँ घडी राखिने भएको छ । ०७२ को भूकम्पले क्षति गरेपछि बन्द भएका चारवटा घडी हटाएर आधुनिक घडी राखिन लागिएको हो । नयाँ घडीमा दम दिइरहन नपर्ने सहरी विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाइका आयोजना उपनिर्देशक अविनाश श्रीवास्तवले बताए । 'म्यानुअल घडी हटाएर अटोमेटिक चल्ने घडी राख्छौं । अब दम दिइरहनुपर्दैन । तर, घडीको आकार र डिजाइन यसअघिको घडीकै हुन्छ,' उनले भने, 'भारतबाट ल्याइने चारवटा घडीको मूल्य ५० लाख अनुमान गरेका छौं ।'

हाल घण्टाघर स्तम्भको चारै भागमा रहेका चारवटा परम्परागत (दम दिनुपर्ने) घडीका सुईमा खिया लागेका छन् । विसं १९१८ राखिएका घडीमा त्रिचन्द्र क्याम्पसका कर्मचारी तथा घडीका मिस्त्री गणेश सापकोटाले ३६ वर्षसम्म दम दिएका थिए । साताामा दुईपटक दम दिनुपर्दथ्यो । तर, ०७२ को भूकम्पले भवन र घडी स्तम्भमा क्षति पुगेपछि दम दिन छाडिएको थियो ।

तत्कालीन प्रधानमन्त्री वीरशमशेरले आफ्ना चार छोराका लागि भनेर बेलायत भ्रमणबाट फर्कंदा चारवटा घडी ल्याएका थिए । घडी ठूलो आकारको भएकाले त्रिचन्द्र क्याम्पस परिसरमा बुर्जा शैलीको स्तम्भ तथा भवन निर्माण गरी चार भागमा घडी राखिएको थियो । त्यतिखेर यहाँका बासिन्दा घण्टाघरका घडी हेरेर दैनिकी सुरूवात गर्दथे ।












# फुड पोइजन रोकथामका उपायहरू



प्रा. डा. खाचुदा योशिआकी

टोकियो – जापानमा प्रत्येक वर्षको अगस्त महिनालाई 'फुड पोइजन रोकथाम महिना' को रूपमा मनाईन्छ । यस महिनामा सरकार र विभिन्न स्वास्थ्य संस्थाहरू फुड पोइजन सम्बन्धी जागरूकता फैलाउँछन् र जनतालाई आवश्यक सावधानीका उपायहरूको बारेमा जानकारी प्रदान गर्छन् । पहिले जापानमा फुड पोइजन प्रायः गृष्म ऋतुमा बढी देखिने भएता पनि, हाल यो वर्षभर नै फैलिने गर्दछ । यहाँ फुड पोइजनका कारणहरू, रोकथामका उपाय र आवश्यक सावधानीका बारेमा जानकारी गराउने प्रयास गरिएको छ ।

जापानमा फुड पोइजनका मुख्य कारणहरू

**एनीसाकिस** (Anisakis): एनीसाकिस एक प्रकारको परजीवी हो जुन कच्चा माछा जस्तै सुसि र सासिमीमा पाइन्छ । यदि कच्चा माछा ठीकसँग पकाइएन भने यस परजीवीले फुड पोइजन उत्पन्न गर्न सक्छ । यसले पेटका समस्या, जस्तै उल्टी, पेट दुखाइ र पाचन क्रियामा समस्या पैदा गर्न सक्छ ।

**क्याम्पिलोब्याक्टर**(Campylobacter): क्याम्पिलोब्याक्टर ब्याक्टेरिया पोल्ट्री र अन्य मासुमा पाइन्छ । जब मासु राम्रोसँग पकाइँदैन वा सफा तरिकाले व्यवस्थापन गरिदैन यो ब्याक्टेरिया शरीरमा प्रवेश गरी संक्रमण फैलाउँछ । यसले पखाला, पेट दुखाइ र ज्वरो आउने जस्ता समस्या निम्त्याउन सक्छ ।

**नोराभाइरस**(Norovirus): नोराभाइरस मुख्यतः सेलफिशमा पाइन्छ र यसलाई फुड पोइजनको प्रमुख कारण मानिन्छ । यो भाइरस पखाल र बान्ता मार्फत फैलिन्छ र अन्य व्यक्तिहरूसम्म संक्रमण पुऱ्याउँछ । नोराभाइरसको संक्रमणले व्यापक स्तरमा फुड पोइजनको समस्या उत्पन्न गर्न सक्छ ।

### फुड पोइजन रोकथामका उपायहरू

फुड पोइजनलाई रोक्नका लागि जापानले तीन प्रमुख सिद्धान्तहरू प्रस्तुत गरेको छ । न लगाउन, न बढाउनु र नष्ट गर्नु । यी सिद्धान्तहरू पालन गर्दा फुड पोइजनको जोखिम निकै कम गर्न सकिन्छ ।

### १. फैलन नदिने

खाद्यमा ब्याक्टेरिया र भाइरसको संक्रमण रोक्नका लागि हाम्रा हात सफा राख्नु महत्वपूर्ण छ । हात धुनुका साथै खाना पकाउनु अघि र कच्चा मासु, माछा वा अण्डा व्यवस्थापन अघि विशेष ध्यान दिनु आवश्यक छ । यसका अतिरिक्तः खाना पकाउँदा, शौचालय प्रयोग पछि वा नाक सफा गरेपछि हात धुनु महत्वपूर्ण हुन्छ । खाना खानु अघि र बचेको खाना राख्नु अघि पनि हात सफा गर्नु अनिवार्य छ ।

### २. वृद्धी विकास हुन नदिने

फुड पोइजन निम्त्याउने ब्याक्टेरिया र भाइरसलाई वृद्धि हुन नदिने उपाय पनि महत्वपूर्ण हुन्छ । यी ब्याक्टेरिया र भाइरस १० डि.से. भन्दा तलको तापक्रममा वृद्धि गर्न ढिलो गर्छन्, र -१५ डि.से. भन्दा तलको तापक्रममा वृद्धि रोकिदिन्छ । त्यसैले खाद्य सामग्री किनेर सकेपछि तुरून्तै फ्रिजमा राख्नु राम्रो अभ्यास हो ।

### ३. "नष्ट गर्ने"

ब्याक्टेरिया र भाइरसलाई मर्नका लागि खाना राम्रोसँग पकाउनु आवश्यक हुन्छ । प्रायः ब्याक्टेरिया र भाइरसलाई पकाउँदा मारेर जान्छन् । मासुलाई कम्तीमा ७५ डि.से. मा एक मिनेटसम्म पकाउनु पर्दछ । साथै, भान्सामा प्रयोग भएका फोम, चक्कु र काट्ने बोर्ड जस्ता औजारलाई पनि राम्रोसँग सफा गर्न आवश्यक हुन्छ । त्यसैले मासु, माछा वा अण्डा प्रयोग गरेपछि ती औजारलाई तातो पानीले कीटाणुरहित गर्नु महत्वपूर्ण छ ।

### फुड पोइजन रोकथामका अन्य उपायहरू

- भान्सामा कीटाणुनाशक औषधि प्रयोग गर्नु पनि प्रभावकारी हुन्छ ।
- बचेको खाना राख्नका लागि राम्रोसँग कभर गरेर फ्रिजमा राख्नु पर्छ र खाना पकाउँदा तापक्रमको निगरानी राख्नुपर्दछ ।

### निष्कर्ष

फुड पोइजन रोकथाम महिना एउटा महत्वपूर्ण अवधारणा हो जसले जनतालाई फुड पोइजनको जोखिमबाट बच्नका लागि सचेत बनाउँछ । 'न लगाउन', 'न बढाउनु' र 'नष्ट गर्नु' का सिद्धान्तहरू पालन गर्दा, हामी फुड पोइजनको समस्याबाट सुरक्षित रहन सक्छौं । जापान सरकारले यस महिनामा दिने जानकारी र शिक्षाले हामीलाई खाना सम्हाल्न र पकाउँदा थप सचेत बनाउँछ । यो महिना मात्र होइन, वर्षभरि यी उपायहरू पालन गर्नु स्वास्थ्यको दृष्टिले महत्वपूर्ण छ ।

(प्रा. डा. खाचुदा खान्साइ युनिभर्सिटी अफ सोसल वेल्फेयर इण्डष्ट्रियलका हेल्थ कल्सल्ट्यान्ट हुन्)

## देशका लागि ..

पृष्ठ १ को बाँकी

सक्छु ? यिनै विषयमा गहिरो सोच्दैछु । एक हिसाबले आत्ममन्थनको चरणमै छु अहिले ।

**अनि कसरी अगाडि बढ्ने भन्नेमा केही निष्कर्षमा पुग्नुभएको छ ?**

अहिलेसम्म ठोस निर्णयमा त पुगेको छैन । तर, एउटा कुरा पक्कै प्रष्ट छ – अब जे गर्छु, त्यसले समाजमा 'पजिटिभ इम्प्याक्ट' पार्नैपर्छ । समाजलाई फाइदा हुने काममै लाग्नुपर्छ भन्ने मान्यता राखेको छु । अहिले विभिन्न तह र क्षेत्रका व्यक्तिहरूसँग छलफल, संवाद गर्दैछु । सोच, विचार र सल्लाह संकलनको प्रक्रियामा छु ।

**कुन क्षेत्र र तहका व्यक्तिहरूसँग भेटघाट भइरहेको छ ?**

त्यो अहिल्यै खुलाउने मन छैन । भेटघाट त धेरैसँग भइरहेको छ । सामाजिक क्षेत्र, निजी क्षेत्र, प्राविधिक क्षेत्र, सम्भावित राजनीतिक पक्षहरूसँग पनि । तर, नाम या पृष्ठभूमि अहिले सार्वजनिक गर्नु उपयुक्त लाग्दैन ।

**तपाईंलाई राजनीतिमा आउन धेरैले सुझाव दिइरहेका छन् भन्ने चर्चा छ । त्यसतर्फ मन जाँदैछ त ?**

धेरैले भनेका छन्, सुनेको छु । सुझाव दिनु हुने सबैप्रति आभार व्यक्त गर्न चाहन्छु । तर, मलाई लाग्छ, जुनसुकै क्षेत्रमा बसेर पनि देशका लागि योगदान दिन सकिन्छ । राजनीति एउटा माध्यम अवश्य हो, तर त्यही मात्र बाटो हो भन्न सकिन्न । संवादका लागि म सबै क्षेत्रसँग खुला छु । तर अहिलेसम्म राजनीतिक निर्णय लिएको भने छैन ।



**भनेपछि अब तपाई बिस्तारै राजनीतिमा देखिनुहुन्छ ?**

यो भन्नु अहिले अलिक चाँडो हुन्छ । आउन पनि सक्छु, नआउन पनि सक्छु । म आफै खुला भएर सोच्दैछु । निर्णय लिन अझै केही समय लाग्छ । एक पटक भित्री रूपमा पूर्ण विश्वस्त भएपछि मात्रै म केही सार्वजनिक रूपमा घोषणा गर्नेछु । म यो कुरा गर्वका साथ भन्नसक्छु, मैले प्राधिकरणमा रहेर लोडसेडिङ अन्त्य गर्नेदेखि, संस्थालाई नाफामा लगेर जनतालाई सुविधा दिनेसम्मका कार्यहरू इमान्दारीपूर्वक सम्पन्न गरेको छु । यी सबै कार्यहरू नतिजामुखी नेतृत्व र जवाफदेहितामा आधारित थिए । मेरो प्रतिबद्धता सधैं जनताको सेवाप्रति समर्पित रहनेछ । राष्ट्र निर्माणमा जहाँ मेरो आवश्यकता पर्छ, त्यहाँ योगदान दिन म सदैव तयार छु ।

**तपाईलाई धेरैले 'नेशनल हिरो' भन्न थालेका छन्, तपाईप्रतिको विश्वास र अपेक्षा निकै उच्च देखिन्छ । यसले तपाईलाई राजनीति रोज्न दबाब दिन्छ कि ?**

दबाब त होइन । तर, यस्तो सम्मान र विश्वास पाउनु ठूलो कुरा हो । त्यसले जिम्मेवारी पनि थपिदिन्छ । म सबैप्रति आभार प्रकट गर्न चाहन्छु । तर, 'हिरो' भन्नाले राजनीतिमा नै जानुपर्छ भन्ने छैन । जे गर्दा जनताले अनुभूति गर्न सकून् कि 'यो मानिसले केही राम्रो गऱ्यो ।' म त्यही बाटो रोज्न चाहन्छु ।



**तपाईंको समर्थनमा सामाजिक सञ्जालदेखि सडकसम्म आवाज उठिरहेको छ । उनीहरुलाई के भन्न चाहनुहुन्छ ?**

देशमा आशा जगाउने एउटा संस्था जोगाउन सुरूदेखि आम जनसमुदायले मलाई र हाम्रो टीमलाई सहयोग र हौसला दिइराख्नु भएको छ । अहिले पनि जुन हिसाबले हाम्रो लागि आवाज उठाइरहनु भएको छ, त्यसका लागि एकदमै आभारी छौं । सबैलाई धन्यवाद भन्न चाहन्छु ।

**अन्त्यमा, के भन्न चाहनुहुन्छ ?**

म नेपाली जनतालाई भरपर्दो, गुणस्तरीय, पर्याप्त र सुरक्षित विद्युत् आपूर्ति उपलब्ध गराउने मुख्य उद्देश्यलाई इमान्दारीपूर्वक पूरा गर्ने क्रममा खटिरहेँ । यस दौडानमा राष्ट्रसेवक कर्मचारीलाई हतोत्साही एवम् अपमानित बनाउने दुराशय सफल भएकोमा कतिपय व्यक्ति, समूह वा शक्तिले आफूलाई सफल ठानेका होलान् । तर त्यसबाट म हतोत्साहित भएको छैन । नेपालको संविधान तथा प्रचलित कानूनको परिधिभित्र रहेर निष्ठाकासाथ दिनरात देश र जनताको सेवामा आफूलाई समर्पित गर्न पाएकोमा मलाई गौरव महसुस हुन्छ । के गर्दा यो देशको भलो हुन्छ ? म जनतामाझै छु, निर्णयमा पुग्ने क्रममा तिनकै आवाज सुन्छु ।







# रोजगारीका..

पृष्ठ १ को बाँकी

गराउँदै आएको के-लाइन संभवत जापानको नेपाली भाषा अनुवादक सुविधा भएको छिटो र सहज ढंगले रोजगारी प्रदायक पहिलो कम्पनी हो । टोकियो, कानागावा, चिवा, गुन्मा, आइची, मिय लगायतका सहरमा के-लाइनले आफ्नो सेवा बिस्तार गरेको छ । आफ्नो पायक पर्ने स्थानमा सम्बन्धित ठाउँको कार्यालयमा सम्पर्क गरी सम्बन्धित क्षेत्रका नेपाली प्रतिनिधिले रोजगारीका बारेमा जानकारी गराउने यस कम्पनीको प्रावधान रहेको छ । के-लाइनले धेरै भन्दा धेरै नेपालीहरूलाई काम गर्न सजिलो र सहज वातावरण निर्माण गर्न नेपाली भाषानुवादकको पनि ब्यवस्था गरेको छ । जापानमा रहेका नेपालीहरूले भाषाको समस्या भोग्न नपरोस् भन्ने हेतुले के-लाइन अन्तर्गत हाल १७ जना नेपाली जापानी भाषानुवादकहरू स्थायी कर्मचारीकारूपमा कार्यरत रहेका छन् । बुद्धको देशका बासिन्दा नेपालीहरू असल मनका हुने, झैंझगडा नगर्ने, आपसमा मिलेर काम गर्ने, मिहेनती र शान्तिप्रेमी हुने भएकाले नेपालीहरूलाई उच्च प्राथमिकता दिदैं आएको सो कम्पनीका कार्यकारी प्रमुख मासाकाजु फुतागुची बताउनुहुन्छ । त्यसैले कम्पनीले नेपालीहरूसंग मिलेर काम गर्ने निर्णय गरेको उहाँको धारणा छ । अर्कोतिर जापानीहरूको नेपालीहरूप्रतिको दृष्टिकोण सकारात्मक भए पनि समयको महत्वलाई ध्यान नदिने, पूर्व जानाकारी बिना काममा बिदा बसिदिने र अचानक काम छोड्ने जस्ता कारण नेपालीहरूप्रतिको बिश्वसनीयतामा भने यदाकदा प्रश्नचीन्ह लाग्ने गरेको पाईन्छ । नेपालीहरूले यस्ता कमजोरी हटाउन सके उनीहरूले अझ बढी बिश्वास आर्जन गर्न सक्ने कम्पनीका वरिष्ठ अधिकारीहरू बताउनुहुन्छ । यसका साथै नेपालीहरूले आफु बसेको देश जापानको नियम कानूनको बारेमा पनि आधारभुत ज्ञान राख्न सकेमा धेरै राम्रो हुने उहाँहरूको सुझाव छ ।

के-लाइनको मुख्य विशेषता भनेको नेपालीहरूलाई काम गर्न सकेसम्म सहज र सजिलो वातावरणको निर्माण गरिदिनु हो । बिशेष गरी भाषाको समस्या रहेका नेपालीहरूलाई ध्यानमा राखेर सक्षम भाषा अनुवादकहरू व्यवस्था गरिदिनु के लाइनको सबैभन्दा सवल पक्ष हो । सामान्य अभिबादन मात्र गर्न जान्नेले पनि भाषा अनुवादकको सहयोगमा जापानीहरूसंग सजिलै काम गर्न सकिने वातावरण के लाईनमा उपलब्ध छ । वास्तवमा एउटै समुदायका धेरै जना नेपालीहरूले काम गर्ने वातावरण भएकोले काममा सहज हुनुका साथै निर्धक्क हुन सकिने अवस्था रहेको कम्पनीका अधिकारीहरूको भनाइ छ । यहाँ कार्यरत नेपालीहरूलाई के लाइनमा काम गर्दाको अनुभवबारे जिज्ञासा राख्दा धेरैजसोको एउटै जबाफ आउने गरेको पाईन्छ त्यो हो भाषाको समस्या खासै अनुभव गर्न नपरेको । अन्तरवार्ताका बेलामा नै कामका बारेमा नेपाली भाषामै बिस्तृत जानकारी गराईने भएकाले के-लाईनमा काम गर्न सहज हुने गरेको उनीहरूको अनुभव छ ।












यसैगरी भाषानुवादककारूपमा के लाइनमा प्रवेश गर्नुभएका अर्का पुराना नेपाली स्टाफ चन्द्र थकालीको अनुभव पनि करिव उस्तै छ : नेपालीहरूले मुख्यरूपमा भोग्नुपर्ने समस्या भनेको भाषा नै हो । भाषाको समस्यालाई मध्यनजर गरी के-लाईनले सामान्य अभिवादन मात्र गर्न जान्नेलाई पनि काम गर्नसक्ने अवसर जुटाइदिएको छ । निकट भविष्यमा पनि नेपालीहरूका लागि थप अवसरहरू जुटाइदिने कम्पनीको योजना रहेको छ ।

कम्पनीको सबैभन्दा राम्रो लागेको पक्ष भनेको स्थायी कर्मचारीकारूपमा कम्पनीमा आएका नवप्रवेशीहरूलाई सुरूदेखिनै कामप्रतिको जिम्मेवारीबोध गराईदिने र उनीहरूलाई प्रशिक्षण द्वारा जापानमा एक जिम्मेवार नागरिक हुन प्रेरित गर्ने रहेको चितवनकी सुनिता ढुंगानाको बुझाई रहेको छ । कम्पनीले हरेक वर्ष नवप्रवेशीहरूलाई प्रोफेशनल विज्ञहरूद्वारा जापानको बिजनेश म्यानर, बिजनेश कम्युनिकेशन, कष्टमर डिलिङ, मिटिङ एरेञ्ज, फिल्ड भिजिट जस्ता विषयमा प्रशिक्षण गराईने हुँदा काममा जापानको सिष्टम अनुसार चल्न र काम गर्न सहज भएको सुनिताको अनुभव छ । विद्यार्थीमा आएकी सुनिता विगत ३ वर्षदेखि जापानमा छिन् भने के लाइनमा काम गर्न थालेको १ वर्ष भयो । म्यानेजमेन्टमा माष्टर्स गरेकी सुनिता के लाइनको ताचिकावा शाखामा कार्यरत छिन् । के लाइनको जागिरे जीवन सन्तोषप्रद नै रहेको उनी बताउँछिन् ।

यसैगरी विगत ५ वर्षदेखि जापानमा रहेकी गीता बानियाँ पनि के लाइनमा विगत १ वर्षदेखि काम गर्दै आईरहेकी छिन् । कम्पनीमा थुप्रै सिनियर कर्मचारीहरू नेपालीहरू नै भएकोले भाषाका कारण काममा समस्या नहुने यस कम्पनीको विशेषता रहेको उनी बताउँछिन् । हामीले जीवनमा जान्नैपर्ने धेरै महत्वपूर्ण कुराहरू के लाइनमा जोडिएपछि सिक्न पाएको उनको अनुभव छ । उनी के लाइनको आइची शाखामा कार्यरत छिन् । यस्तै के लाइनको मियकेनमा कार्यरत अर्का विवश तामाङ पनि १ वर्ष अगाडि यस कम्पनीमा जोडिन आईपुगेको बताए । जापानमा ३ वर्ष बिताईसकेका उनी के लाइनको स्थाथी कर्मचारीकारूपमा प्रशिक्षण लिईरहँदा आफुलाई अरू जिम्मेवारी थपिएको अनुभव सुनाए । स्याइन भईसकेपछि पालना गर्नैपर्ने आधारभूत नियम, अनुशासन र शिष्टाचारका बारेमा पोख्त बनाउन कम्पनीले यति धेरै महत्व दिएर हरेक वर्ष राखिने प्रशिक्षण कार्यक्रमबाट प्रशिक्षित हुन पाउँदा आफु परिपक्व भएको महशुस गराएको बताए ।

नवप्रवेशी स्याइनहरूका लागि राखिएको कम्पनीको वार्षिक प्रशिक्षण कार्यक्रमका अर्का सहभागी नुवाकोटका ईश्वर राईको अनुभव पनि करिव उस्तै छ । उनी पनि केलाइनमा १ वर्ष अगाडि जोडिएका हुन् । 'कम्पनीका अधिकारीहरूका साथै सिनियर नेपालीहरूको सहयोगी भावना र मैत्रिपूर्ण सद्भावले गर्दा काम गर्ने वातावरण सौहार्द्रपूर्ण छ ।' - उनी भन्छन् - 'यो कम्पनीमा आएपछि मैले धेरै कुरा सिक्न पाँए, सबैभन्दा ठूलो कुरो त प्रोपर म्यानर भनेको के हो त्यो बुझें ।'

कम्पनीका प्रबन्ध निर्देशक समेत रहेका जनशक्ति व्यवस्थापन तथा विशिष्ट सीपयुक्त कामदार डिपार्टमेन्टका प्रमुख जुनिची उचिदाका अनुसार के-लाइनको भावी कार्ययोजना भनेको जापानमा रहेका नेपालीहरूसंग सहकार्य गर्दै उनीहरूका लागि थप कार्यक्षेत्र बिस्तार गर्दै जाने रहेको छ । तसर्थ नेपालबाट आउनुभएका जो कोही नेपालीहरू जापानमा कामको समस्या छ भने निसंकोच हामीलाई सम्पर्क गर्नुहोला । जापानमा तपाईहरूका लागि रोजगारीको बन्दोबस्त मिलाईदिने भरपर्दो साथीका रूपमा के-लाइन सँधै यहाँहरूकै सेवामा हाँजिर छ । प्रस्तोताः तिलक मल्ल







Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)
www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka